# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

# टंगाल, काठमाण्डौ

मिति: २०७३/१०/१८ गते

## प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको ।

---

औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड, बालाजु अन्तर्गत पाटन औद्योगिक क्षेत्र व्यवस्थपान कार्यालयमा सव-ईन्जिनियर (सिभिल) पदमा कार्यरत प्रकाश पुडासैनीले Diploma in Engineering, Civil Engineering तहको नक्कली शैक्षिक योग्यताको प्रमाण-पत्र पेश गरी उक्त पदमा नियुक्ति भएकाले निजको प्रमाण-पत्र उपर छानविन गरीपाउँ भन्ने व्यहोराको उजुरीको सम्बन्धमा अनुसन्धान तथा छानविन हुँदा निज प्रकाश पुडासैनीले उक्त पदमा नियुक्ति पाउने र सो हैसियतले लाभ तथा सुविधा पाउने उद्देश्यले Diploma in Engineering, Civil Engineering र Bachelor's Degree in Civil Engineering को नक्कली एवं झुठ्ठा प्रमाण-पत्रहरु पेश गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिमको कसुर गरेको देखिएको हुँदा निज प्रकाश पुडासैनीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिम सजाय हुन मागदाबी लिई आज विशेष अदालत काठमाण्डौमा आरोपपत्र दायर गरिएको छ ।

कुनै पनि प्रकारको भ्रष्टाचारका सम्बन्धमा समयमै सत्य र यथार्थपरक सूचना उपलव्ध गराई आफ्नो हक अधिकार सुनिश्चित गर्नुका साथै भ्रष्टाचारजन्य गतिबिधिको अन्त्य गरी भ्रष्टाचारमुक्त समाज निर्माण गर्ने गराउने साझा अभियानमा सक्रिय सहभागिता एवं सहकार्यका लागि आयोग सबैमा हार्दिक अनुरोध गर्दछ ।

(जीवराज कोइराला)
सह-सचिव एवं प्रवक्ता